आज मिति २०७७ असोज १९ गते सोमबारका दिन यस दार्मा गाउँपालिका अध्यक्ष श्री निमबहादुर के.सी.ज्यूको अध्यक्षतामा दार्मा गाउँकार्यपालिकाको बैठक यस दार्मा गाउँपालिकाको कार्यालयमा बसि तपसिलका प्रस्तावहरुमा छलफल गरि देहाय बमोजिमका निर्णयहरु पारित गरियो ।

**उपस्थिति :**

| | |
|---|---|
| १. श्री निमबहादुर के सी | अध्यक्ष |
| २. श्री टीका शर्मा वली | उपाध्यक्ष |
| ३. श्री अमृत खडका | निमित्त प्रमुख प्रशासकीय अधिकृत |
| ४. श्री कविकुमार चन्द | सदस्य |
| ५. श्री डिल्ली वहादुर के सी | सदस्य |
| ६. श्री सेतिराम रोकाहा | सदस्य |
| ७. श्री चन्द्रबहादुर रावत | सदस्य |
| ८. श्री राम वहादुर के सी | सदस्य |
| ९. श्री दुर्गा वहादुर मल्ल | सदस्य |
| १०. श्री सन्ताराम कामी | सदस्य |
| ११.श्री अमृता कामी | सदस्य |
| १२. श्री मञ्जु शाही | सदस्य |
| १३. श्री जुना मल्ल चन्द | सदस्य |
| १४. श्री देवी खत्री | सदस्य |
| १५. श्री धनीराम नेपाली | सदस्य |
| १६. मधुसुदन के.सी. | इन्जिनियर |
| १७. शेरप्रसाद ढकाल | शिक्षा अधिकृत |
| १८ खुम बहादुर के.सी. | ना.सू. |

**प्रस्तावहरु**

१. खानेपानी र सिंचाइको योजना सम्बन्धमा ।
२. ट्रान्सफरमिटर खरिदको लागि बजेट रकमान्तर सम्बन्धमा ।
३.मास्क र सावुन वितरण सम्बन्धमा
४.खेलकुद सामग्री वितरण सम्बन्धमा
५.योजना संचालन प्रक्रिया सम्बन्धमा ।
६. कार्यविधि पारित सम्बन्धमा
७. डिपीआर सम्बन्धमा।

**निर्णयहरु**

**नि. नं. १ - प्रस्ताव नं. १** मा छलफल गर्दा गाउँसभाबाट पारित गरिएका योजनाहरु मध्ये प्रत्येकवडाबाट प्राथमिकिकरण गरि खानेपानीका ६ गोटा र सिंचाइका ६ गोटाका दरले अर्को कार्यपालिका बैठकमा योजना पेश गर्ने निर्णय गरियो ।

**नि. नं. २ - प्रस्ताव नं. २** मा छलफल गर्दा सबै वडामा विधुतीकरण तथा ग्रामिण सामुदायिक विधुतीकरणको लागि समपुरक योजना शिर्षकमा विनियोजन गरिएको ६० लाख मध्येबाट तत्काल विजुली बत्ती बाल्न LT पोल मर्मत र ट्रान्सफर मिटर खरिद कार्य प्रचलित विधि हनुसार गर्ने निर्णय गरियो ।

**नि. नं. ३ - प्रस्ताव नं.** ३ " मास्क र सावुन वितरण सम्बन्धमा " मा छलफल गर्दा गाउँपालिका भित्र रहेको सबै घरधुरीका २००००। बीस हजार मास्क र साबुन वितरण गर्नको लागि दार्मा गाउँपालिका अध्यक्ष श्री निम बहादुर के.सी. ज्यूको नेतृत्वमा उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, वडा अध्यक्ष लगायत कर्मचारी लगायतको टिम परिचालन हुने गरि तपसिलको मितिमा तपसिको वडा कार्यालयमा वितरण गर्ने निर्णय गरियो । साथै वडा कार्यालयले जनप्रतिनिधि कर्मचारी शिक्षक परिचालन गर्ने गरि घर दैलो अभियान संभचालन गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.स. | मिति | वडा कार्यालय |
|---|---|---|
| १ | २०७७।०६।२२ | ५ र ६ |
| २ | २०७७।०६।२३ | ३ |
| ३ | २०७७।०६।२४ | १, २ र ४ |

**नि. नं. ४ - प्रस्ताव नं.** ४. "खेलकुद सामग्री वितरण सम्बन्धमा" छलफल गर्दा दार्मा गाउँपालिका शिक्षा, यूवा तथा खेलकुद शाखाको मिति २०७७।०६।०४ गते दोस्रो पटक प्रकाशित सूचना अनुसार दर्ता भएका सबै यूवा क्लवहरुलाई भलिवल, नेट मिति २०७७।०७।०१ गते देखि सबै वडा कार्यालयमा वितरण गर्ने निर्णय गरियो ।

**नि. नं. ५ - प्रस्ताव नं.** ५. " योजना संचालन प्रक्रिया सम्बन्धमा" मा छलफल गर्दा कृषि सडक बाहेक ब्याक हो लोडर स्क्याभेटर,लोडर जस्ता ठुल्ठुला मेसिन प्रयोग हुने सबै सडक २० लाख लागत भन्दा बढी बजेट विनियोजन खानेपानी सिचाइ योजनाहरु संचालनको लागि टेन्डर गर्ने निर्णय गरियो ।

**नि. नं.६ - प्रस्ताव नं.** ६ मा छलफल गर्दा विधान समितिका संयोजक श्री दुर्गा बहादुर मल्ल ज्यूले पेश गर्नु भएको उपाध्यक्षसंग उद्यमीसंग कार्यक्रम सम्बन्धि कार्यविधि २०७७ परिमार्जन सहित निर्णय पारित गरियो ।

निर्णय नं ७ : प्रस्ताव नं ७ मा छलफल गर्दा दार्मा गाँउपालिकाका तपशिल वमोजिमका योजनाहरुको तपशिल वमोजिमका खर्च शिर्षकबाट डि पि आर गर्ने निर्णय गरियो ।

तपसिल

| स्विंकृत योजना/ कार्यक्रम | योजना | कार्यापालिकाबाट विनियोजीत बजेट |
|---|---|---|
| पुजिगत अनुसन्धान तथा परामर्श सेवा | सूर्योदय मा.बि. दार्मा - ६ लाई स्मार्ट बिद्यालय बनाउन डीपीआर गर्ने । | ५०००००। |
| | फारुला बहुमुखी क्याम्पस दार्मा - ३ को भवन को डिपीआर | ५०००००। |